खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं
असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघातजस्ता रोगहरू लाग्न सक्छन् ।
त्यसैले,
- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक ११ गते आइतवार // मृत भस्म नबन्दैमा भिःल्को भैकन बल्नुछ // 2024 October 27 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ६५

## वैज्ञानिक समाजवादको गोष्ठी

## नेपालीहरू विदेशी उत्पादनका उपभोक्ता मात्र –आहुति

प्रस, वीरगंज, १० कात्तिक/

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल मिथिला–भोजपुरा ब्युरोको आयोजनामा शनिवार वीरगंजमा 'वैज्ञानिक समाजवाद किन र कसरी ?' विषयमा विचारगोष्ठी सम्पन्न भएको छ।




वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालका महासचिव आहुतिले सो विषयमा कार्यपत्र प्रस्तुत गर्दै विज्ञान प्रविधि मुख्य उत्पादक शक्ति भएको युगमा प्रचुर उत्पादन सम्भव भएकाले प्रारम्भदेखि नै वैज्ञानिक समाजवादी व्यवस्था निर्माण सम्भव भएको र अबको कम्युनिस्ट आन्दोलनले उत्पादनका सबै आयामहरूमा हस्तक्षेप गर्न आवश्यक रहेको बताए ।

उनले हिजोको कम्युनिस्ट आन्दोलनले झन्डा र किताब मात्र बोक्न सिकाएको तर अबको आन्दोलनले वृहत् उत्पादनलाई कम्युनिस्टहरूले आफ्नो जीवनको अभिन्न अङ्ग बनाउनुपर्नेमा जोड दिए । उनले संसदीय दलहरूलाई दलाल पूँजीवादले सम्पूर्णरूपले नियन्त्रण गरिसकेको अवस्थामा नयाँ कम्युनिस्ट आन्दोलन निर्विकल्प रहेको जिकिर गरे । उनले अहिले देशमा उत्पादन ठप्प रहेको र नेपालीहरू विदेशी उत्पादनका उपभोक्ता मात्र बनिरहेको अवस्थाबाट देशलाई मुक्त गर्दै उत्पादनमा आधारित भएर आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने दिशामा पार्टी अघि बढिरहेको बताए ।

उनले प्रस्तुत गरेको कार्यपत्रमा नेका महासमिति सदस्य प्रकाश उपाध्याय, ठाराब क्याम्पसका प्राध्यापक वीरेन्द्र साह, नेकपा माओवादीका राजु बैठाले टिप्पणी गरेका थिए। उनीहरू अहिले देश गम्भीर सङ्कटमा रहेको र नयाँ विकल्पको खोजी आवश्यक रहेको बताए। उनीहरूले दलहरू उद्देश्यअनुरूप नचलेको बताएका थिए ।

कार्यक्रमको संयोजन मिथिला–भोजपुरा ब्युरो संयोजक मदन प्रभातले गरेका थिए भने सञ्चालन सचिव धनबहादुर श्रेष्ठ र स्वागत सदस्य रिङ्कु रायले गरेका थिए ।

## वीरगंजको ट्रायल परीक्षामा अख्तियारको अङ्कुश

धर्मेन्द्र चौरसिया, पोखरिया, १० कात्तिक/

यातायात व्यवस्था कार्यालय, वीरगंजको ट्रायल परीक्षामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडाले अङ्कुश लगाएको छ। शनिवार भएको ट्रायल परीक्षाको नतीजा अख्तियारको टोलीले लिएर गएको छ । लिखित परीक्षामा शुक्रवार एक हजार २०६ जना परीक्षार्थी उत्तीर्ण भएका थिए र उनीहरूको आज ट्रायल लिइएको थियो। ट्रायलमा विधिसम्मत २५३ जना मात्र उत्तीर्ण भएका र सो सूची अख्तियारको टोलीले लिएर गएको स्रोतले जनाएको छ। आज ट्रायल अवधिभर अख्तियारको टोली ट्रायल सेन्टरमा बसेको थियो र उत्तीर्ण भएकाहरूको सूची लिएर गएको छ ।

वीरगंजमा भदौ १४ गतेदेखि सवारी चालक अनुमतिपत्रको काम प्रदेशका श्रम तथा यातायात मन्त्री कौशलकिशोर रायको लिखित पत्रका आधारमा बन्द गरिएको थियो। अहिले प्रदेशका सातवटा जिल्लामा सवारी चालक अनुमतिपत्र वितरण भइरहेको छ। मन्त्रीले भदौ १४ मा सवारी चालक अनुमतिपत्रका सबै कार्य रोक्का गर्दै तत्कालीन कार्यालय प्रमुख कमल गौतमलाई सरुवा गरेर धर्मेन्द्रलाल कर्णलाई वीरगंज पठाएपछि कात्तिक ९ गतेदेखि नयाँ सवारी चालक अनुमतिपत्रका लागि लिखित परीक्षा भएको थियो ।



यातायात व्यवस्था कार्यालय, पर्सामा तीन महीना अवधिमा तीनजना प्रमुखको सरुवा भइसकेको छ। गौतम अघि उमेश रेग्मी कार्यालय प्रमुख थिए । सवारी चालक अनुमतिपत्र वितरणमा मधेस प्रदेशका कार्यालयहरूमा व्यापक अनियमितता हुने गरेको आरोप लाग्दै आएको छ तर अख्तियारको ध्यान सबैमा पुग्न सकेको छैन ।

## सिम्रौनगढमा सरकारविरुद्ध प्रदर्शन

प्रस, सिम्रौनगढ, १० कात्तिक/

पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेलाई पक्राउ गरेको विरोधमा शनिवार सिम्रौनगढमा विरोध प्रदर्शन भएको छ। रास्वपा बारा क्षेत्र नं १ का अध्यक्ष रजनीश कुशवाहाको नेतृत्वमा सिम्रौनगढ बसपार्कबाट निस्केको विरोध जुलुस नगरपरिक्रमा गरी सोही स्थानमा आएर कोणसभा गरी समापन भएको थियो ।




विरोध जुलुसमा सहभागीहरूले रास्वपा जिन्दाबाद, भ्रष्ट सरकार चाहिँदैन, सहकारीपीडितलाई न्याय देउ, राजनीतिक प्रतिशोध बन्द गर जस्ता नारा लगाएका थिए ।

कोणसभामा जिल्ला सभापति चन्दन सर्राफ, भोला साह कानू, सुरेन्द्र शर्मा, रजनीश कुशवाहा, कञ्चन पासवान, साहेब अन्सारी, श्रीचन्द्र चौधरीलगायतले सहकारीपीडितलाई न्याय दिने बहानामा पार्टी अध्यक्ष लामिछानेसँग राजनीतिक प्रतिशोध साँध्ने काम भएको आरोप लगाए ।

उनीहरूले अहिलेसम्म सहकारीपीडितहरूलाई न्याय दिलाउन नसकेको सरकारले संसद्बाट गठित छानबीन समितिले निर्दोष साबित गरेपछि अनेक प्रपञ्च रचेर अदालतमार्फत गिरफ्तारी गराइएको आरोप लगाए । उनीहरूले सरकारविरुद्धको यो कदमको खुलेर विरोध गर्न र लामिछानेको पक्षमा ऐक्यबद्धता जनाउन सबैमा अपील पनि गरे ।

## सहकारीको अवस्था दयनीय छ –पटेल

नरेश यादव, पर्सागढी, १० कात्तिक/

'सहकारी सुशासन प्रविधि र एकीकरण' नाराका साथ शनिवार पर्सागढी नगरपालिका–४ सबैयाटाँडीस्थित सहयात्री बचत तथा ऋण सहकारी संस्थाको १७औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।




साधारणसभाकी अध्यक्ष गोमा उप्रेतीले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष प्रतिमा मानन्धरले आयव्यय प्रतिवेदन प्रस्तुत गरेका थिए ।

साधारणसभाको उद्घाटन गर्दै प्रदेशसभा सदस्य श्याम पटेलले अहिले देशभरिका सहकारीहरूको अवस्था दयनीय रहेको बताए । उनले बचतसँगै लगानीमा विशेष ध्यान नदिंदा सहकारीमा समस्या आएको बताए । सहकारीकाआफ्ना शेयरधनीबीचमा लगानी सुरक्षित हुने, सहकारीको उद्देश्य पूरा हुने तथा लगानी अनुसारको प्रतिफल आउने क्षेत्रमा मापदण्ड अनुसार लगानी गर्ने सहकारीहरू राम्ररी सञ्चालनमा रहेको उनले बताए । सहकारीमा सर्वसाधारण मानिस जोडिएका र उनीहरूले यसबाट प्रतिफल पनि पाएको भन्दै सहयात्रीले पर्सामैं उत्कृष्टता हासिल गरेको बताए। उनले अहिलेको अवस्थामा लगानी सुरक्षित गरी बचतकर्ताको मनोबल बढाउन आवश्यक रहेको बताए। उनले सहकारीमा व्यक्तिविशेषको हालीमुहाली चल्दा समस्या आएकोले सबैको सहकार्यमा सहकारी सञ्चालन गर्नुपर्नेमा जोड दिए।

संस्थापक अध्यक्ष वीरेन्द्रराज कँडेलले शुरूमा संस्थालाई राम्ररी सञ्चालन गर्नेहरूले पछि बिगार्न खोजेको तर उनीहरूलाई सचेत गराएपछि संस्था प्रगतिपथमा गइरहेको बताए ।

कार्यक्रममा वडाध्यक्ष शेख खुर्सेद, पूर्ववडाध्यक्ष समसुद्दीन शाह देवान, वेदमनदास थारू, विन्ध्यवासिनी कोइलाभार वन उपभोक्ता समितिका अध्यक्ष महमद रिजवान, नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रमुख महमद जिक्रुल्लाह, संस्थाका लेखापाल सञ्जय परियार लगायतको सहभागिता थियो । कार्यक्रममा स्वागत चेतकुमारी तिमिल्सिना र सहजीकरण सचिव शिवनाथ यादवले गरेका थिए ।

## १३ जना महिलासहित २४४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १० कात्तिक/

वीरगंज महानगरका तीन स्थानमा शनिवार सम्पन्न रक्तदान कार्यक्रममा १३ जना महिलासहित २४४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

वीरगंज महानगरपालिका–१३ राधेमाईस्थित नेपाल निर्माण व्यवसायी सङ्घ, पर्साले आयोजना गरेको रक्तदान कार्यक्रममा तीनजना महिलासहित १६१ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक मनीष गुप्ताले बताए । नगरप्रमुख राजेशमान सिंहले कार्यक्रमको उद्घाटन गरेका थिए भने उपप्रमुख इम्तियाज आलम, नेरेसो रेशमकोठी उपशाखाका युवा संयोजक अभिलाष गुप्तालगायतको सहभागिता थियो ।

कार्यक्रममा सुधीर पटेल, कृष्ण पटेल, नन्दु यादव, सन्नी महतो, सन्तोष साह कानू, बलिराम दास, राजु मण्डल, प्रद्युम्न मण्डल, रामनरेश महतो, नीराजन



गुप्ता, मिथलेश तिवारी, रामाकान्त चौरसिया, सतीश यादव, रश्मि पटेल, शरीफ मियाँलगायतले रक्तदान गरेको केन्द्रका प्राविधिक गुप्ताले बताए ।

यसैगरी, घण्टाघरमा क्रियाशील युवा पत्रकार मञ्च नेपालले आयोजना गरेको रक्तदान कार्यक्रममा छजना महिलासहित ५१ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेयले बताए । मञ्चका अध्यक्ष प्रणयकुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा सञ्जय

(बाँकी अन्तिम पातामा)

## रेडियोको महत्त्व कम भएको छैन –मन्त्री यादव

प्रस, परवानीपुर, १० कात्तिक/

नेपाल पोस्ट मिडिया प्रालिले वीरगंजमा शनिवारदेखि रेडियो सीमाञ्चल ९५.१ मेगाहर्ज सञ्चालनमा आएको छ। वीरगंज–११ श्रीपुरमा नेपाल पोस्ट डेलीको कार्यालयमैं सञ्चालित रेडियोको उद्घाटन सङ्घीय खानेपानीमन्त्री प्रदीप यादवले गरेका थिए।

(बाँकी अन्तिम पातामा)



## विचारसार र सूक्तिहरू

**जबसम्म हामी आफूलाई बदलिंदैनौं, तबसम्म हाम्रो स्थिति पनि बदलिनेछैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# नैतिक र बौद्धिक क्रान्तिको आह्वान

वैयक्तिक जीवन एवं सामाजिक क्षेत्रमा व्याप्त भ्रान्तिहरू समयका साथ चित्र-विचित्र प्रथा-परम्परा बनेर उदय हुन्छन् र व्यवहारमा यसप्रकार समेटिन पुग्छन् कि तिनका अनुपयुक्तताबारे शङ्का गर्नसम्म आवश्यक ठानिंदैन ।

यस कुरामा गम्भीर पुनर्विचारको आवश्यकता छ, जसले श्रेष्ठ मूल्यहरूको स्थापना गर्न सकियोस्, स्वस्थ परम्पराको निर्माण गर्न सकियोस्, जुन मानवीय गरिमा अनुकूल होस् तथा जसले सार्वभौम औचित्यको प्रतिनिधित्व गरोस् । यस्तोमा आज जब बौद्धिक भ्रान्ति र नैतिक पतन आफ्नो चरममा छ, जीवनको प्रत्येक क्षेत्रमा आमूल परिवर्तन गर्ने एउटा नैतिक एवं बौद्धिक क्रान्ति समयको माग बनेको छ ।

वास्तवमा मानवीय-सत्ता स्रष्टाको अनुपम कलाकृति हो । त्यसको यस कारण सृजना गरिएको हो कि आफ्नो विशिष्टता र वरिष्ठताले गर्दा यस विश्व-उद्यानलाई सुरभित, समुन्नत राख्न सकोस् । औसत मानिसजस्तै सामान्य मानिस सादगीपूर्ण जीवन निर्वहन, उत्कृष्ट चिन्तन र आदर्श चरित्रको गौरव-गरिमा, पवित्रता एवं प्रखरतामा आधारित समर्थ व्यक्ति, जसको अनुकरण गर्ने मानिस निरन्तर माथि उठ्दै, अघि बढ्दै रहून् । सङ्क्षेपमा यो हो-मानिसको नीति-मर्यादाको सार-सङ्क्षेप, जसको जसले जति परिपालना गर्दछ, ऊ त्यति नै नीतिवान मानिन्छ ।

यस निर्धारणलाई जसले जति भत्काउँछ, जो लोभ, मोह र अहङ्कारका लागि मर्दछ, जसलाई वासना-तृष्णाका अतिरिक्त अरू केही बुझ्दैन, जसको मनमा लोक-मङ्गलको उत्तरदायित्व निर्वाह गर्नका लागि उल्लास जुर्मुराउँदैन, उसलाई अनैतिक भन्नुपर्छ । उद्धत अपराधजस्तै सङ्कीर्ण स्वार्थपरतालाई पनि तत्त्वदर्शीहरूले अनीति नै मानेका छन् ।

हेर्नुपर्छ कि अनीतिले व्यक्तिगत रुझान र सामुदायिक प्रचलनमा कति गहिरो जरा गाडेको छ, त्यसलाई उखेल्न त्यति नै गहिरो खन्नुपर्छ । सबै मानिसलाई बुझाउनुपर्छ कि प्रस्तुत प्रवाहमा बग्दा ऊ कसरी प्रत्येक दृष्टिले घाटामा पर्छ । बुझाउनुपर्छ कि आदर्शवादिता अङ्गीकार गर्न सके, त्यसमा लाभ मात्र छ ।

बौद्धिक क्षेत्रमा अन्धविश्वासरूपी उल्लूहरूले कति गुँड बनाएका छन् र ती कति निश्चिन्तताले बसेका छन्, यो देखेर आश्चर्य हुन्छ । आहारकै कुरा गरौं-भुटेको-तारेको, मसलादार, स्वादिष्ट ठानिएको अभक्ष्य नै हामी सबै उदरस्थ गर्दछौं, माछा-मासु र मदिरा व्यापक स्तरमा आहारका अङ्ग बनेका छन् ।

यो बिर्सँदै गइरहेका छौं कि मानवीय आहारमा साग-तरकारीको प्रमुखता कति आवश्यक छ । अन्न खाने हो भने त्यो उमाले मात्र पुग्छ, मासु मानवीय आहारमा कुनै पनि दृष्टिले उचित छैन । समुद्रको नुन, सोडियम क्लोराइड एक प्रकारको विष हो । यसैगरी चिनी पनि गुलियो विष नै सिद्ध भएको छ । यदि आहार क्षेत्रमा विचार-क्रान्तिको समावेश हुन सक्यो भने सहजरूपमा प्रस्तुत दुर्बलता र रुग्णताबाट आधा छुटकारा यसै पाउन सकिन्छ ।

यसै प्रकार सुत्दा-जाग्दा, श्रम गर्दा, घाम र हावाको सम्पर्कमा रहँदा, ब्रह्मचर्य पालनजस्ता प्रकृति-निर्देशहरूको पालन गर्न सकियो भने मानिस पनि अन्य स्वच्छन्द जीवन बाँच्ने प्राणीहरू सरह नीरोग र दीर्घजीवी बन्न सक्छ ।

**समाज सहकारी बनोस्, उसका अभिनव संरचनामा कौटुम्बिकताका शाश्वत सिद्धान्त समाविष्ट होस् । जाति-लिङ्गको विषमता नरहोस् । आर्थिक दृष्टिले कोही धनी वा गरीब नहोस्, न कोही उद्धत-अहङ्कारी धनाध्यक्ष बनोस्, न पछि परेको कसैले पीडा, भर्त्सना सहनुपरोस् ।**

यदि आहार-विहारको प्रचलित प्रवाहलाई उल्टाउन सकियो भने बुझ्नुपर्छ पीडा सहने, चिकित्सामा धन गुमाउने, अशक्त रहने, अनुपयोगी बन्ने, कुसमय अकाल मृत्यु वरण गर्नेजस्ता अगणित सङ्कटहरूबाट सहज मुक्त हुन सकिन्छ ।

मानसिक विक्षोभहरूको प्रधान कारण हो-निषेधात्मक चिन्तन । जे उपलब्ध छ, त्यसबाट सन्तोष-आनन्द लिनुको साटो, जे छैन त्यसैको सूची बनाइहिंड्नु, बढी सम्पन्नहरूसँग तुलना गरेर दरिद्र अनुभव गर्नु ।

तुलना नै गर्नुछ भने आफूभन्दा पछि परेकासँग गरेर आफ्नो सौभाग्यको प्रशंसा किन नगर्ने ? चारैतिर जुन उत्साह छरिएर बसेको छ, जसलाई हेर्दा, सोच्दा, स्मरण गर्दा कृतज्ञता, प्रसन्नताको अनुभूति हुन्छ, त्यसैमा ध्यान केन्द्रित किन नगर्ने ?

मनोकामनाहरूका पहाड टाउकोमा बोक्नुको अपेक्षा निर्वाहमा सन्तोष गर्ने बानी किन नबसाल्ने ? अभीष्ट प्रतिफलको लालसामा आकुल-व्याकुल हुनुको साटो कर्तव्यपालनमा निरत रहने र त्यतिमा पनि गर्व-गौरव अनुभव गर्ने बानी किन नबसाल्ने ? हार-जीतको वास्ता नगरेर पनि खेलाडीले जब प्रसन्नतापूर्वक खेलको आनन्द लिन सक्छ भने जीवन नाटकमा आउने आरोह-अवरोहमा आफ्नो सन्तुलन किन बिगार्ने ?

सबै मेरै मर्जीमा हिंडून् भन्ने आग्रह किन गर्ने ? आफ्नोजस्तो विचार स्वतन्त्रता अरूलाई पनि अँगाल्न किन नदिने ? यी यस्ता प्रश्न हुन्, जसमा यदि ठण्ढा दिमागले विचार गर्न सकियो र चिन्तनको अभ्यस्त ढाँचामा विवेकयुक्त परिवर्तन गर्न सकियो भने तनाव, झिंझो, चिन्ता, आशङ्का, आवेशजस्ता कैयौं मनोविकारद्वारा निरन्तर रापिइरहने अवस्था समाप्त हुन सक्दछ ।

हाँस्ने-हँसाउनेजस्तो सरल चिन्तन प्रक्रिया एउटा बानी मात्र हो, जसको अनुकूलता वा प्रतिकूलतासँग कुनै गहिरो सम्बन्ध छैन । मस्तिष्क सबैसँग छ । भाव-संवेदनाले भरिएको अन्तःकरण कोसँग छैन ?

क्षीरसागर-कैलासजस्तो पुण्यक्षेत्रमा भ्रष्टता र दुष्टताले लत्पतिएको कषाय-कल्पष भर्नुको नै परिणाम हो कि ऋषिकल्प सम्भावना भएको देवात्म-चेतना, निकृष्टताको नर्कमा आबद्ध हुन पुगेको छ । यसलाई उल्टाउन प्रत्येक विवेकशील व्यक्तिका लागि सम्भव छ । वाल्मीकि, अङ्गुलीमाल, बिल्वमङ्गलजस्ता जब दृष्टिकोण परिवर्तन हुनेबित्तिकै केबाट के हुन पुग्छन् भने अन्य कसैका लागि त्यस्तो आत्मपरिवर्तन किन कठिन हुन सक्छ ?

शरीर-मस्तिष्कजस्तै अर्थ पनि जीवनको एउटा अहम् पक्ष हो । आज प्रत्येक धनी-निर्धन सबैको आर्थिक आवश्यकता बढे-चढेको देखिन्छ र अभाव महसूस हुन्छ । सञ्चय र अपव्ययका लागि त कुबेरको खजाना पनि थोरै हुन्छ । अनैतिक उपार्जन, अपराध, ऋण, घूस, बेइमानीको धन्दा आर्थिक आवश्यकता पूर्तिका माध्यम बन्न पुगेका छन् । यस कमीको पूर्ति त्यस प्रकार हुन सक्दैन, जस्तो मानिस सोच्दछ । लोभ-लिप्सालाई सम्याउन नसकिने खाडल र निभाउन नसकिने आगो भनिन्छ । रावण, हिरण्यकशिपु, वृत्रासुर, सिकन्दरजस्ता धनाध्यक्षहरूलाई वैभवको पहाड नै हात लाग्दा त पुगेन भने सामान्यस्तरका मानिसको के बिसात ? यस्तो अवस्थामा अर्थ-सन्तुलन मिलाउनका लागि दृष्टिकोण-परिवर्तनको नयाँ आधार अँगाल्नुपर्छ ।

औसत मानिसको स्तरको निर्वाह 'घाँटी हेरी हाड निल्ने', 'सादा जीवन-उच्च विचार'जस्ता विलास र अपव्यय कटौती गर्ने सिद्धान्त अँगाल्दा समस्याहरू सहज बन्न पुग्छन् । आलस्य-प्रमाद छाड्ने हो, कामलाई प्रतिष्ठाको प्रश्न मान्ने हो र योग्यता-वृद्धिमा उत्साह कायम राख्ने हो भने स्तर अनुरूप आजीविका बढ्ने कुरा सुनिश्चित छ ।

प्रश्न विस्तार कम र सदुपयोग बढी गर्ने हो तथा थोरै साधनहरूको श्रेष्ठतम सदुपयोग गर्न सक्ने हो भने धनीहरूभन्दा बढी आनन्दका साथ बाँच्न सकिन्छ । परिश्रम र इमानदारीको कमाइ नै फल्छफुल्छ । यस सिद्धान्तलाई ध्यानमा राखेर उपार्जन र उपयोगको सन्तुलन मिलाइयो भने अर्थसङ्कटले कसैलाई पनि त्यसरी दुःख दिंदैन जस्तो अपव्ययी, दुर्व्यसनी र मूढ मान्यताहरूले ग्रसित मानिसहरूले निरन्तर भोग्नुपर्दछ ।

हाम्रो समाजमा नर-नारीबीच रहेको भेदभाव, जन्म-जातिको आधारमा स्थापित उच-नीच, भिक्षा-व्यवसाय, मृतकभोज, बालविवाह, अनमेल विवाहजस्ता कुरीति प्रचलित छन् । यी सबैमा भयङ्कर छ-विवाहोन्माद, जसमा गरीबले पनि धनीजस्तो आडम्बर गरेर आफ्नो आजीविकासमेत गुमाउने मूर्खता गर्न पुग्छन् ।

> **क: काल कानि मित्राणि को देश: कौ व्ययागमौ ।**
> **कश्चाहं का च मे शक्तिरितिचिन्त्यं मुहुर्मुहु: ।।**
> समय के हो ? मेरा मित्र को हुन् ? देश के हो ? मेरो आय र व्यय कति छ ? म के हुँ र ममा कति शक्ति छ ? यी छ कुरा मानिसले निरन्तर सोचिरहनुपर्छ ।

समाज सहकारी बनोस्, उसका अभिनव संरचनामा कौटुम्बिकताका शाश्वत सिद्धान्त समाविष्ट होस् । न जाति-लिङ्गको विषमता रहोस् र न आर्थिक दृष्टिले कसैलाई धनी वा गरीब हुन दिइयोस्, न कोही उद्धत-अहङ्कारी धनाध्यक्ष बनोस्, न कसैलाई पछि परेको पीडा, भर्त्सना सहनुपरोस् ।

अपराधको गुन्जाइश नै नरहोस्, यदि कहीं कुनै उपद्रो मच्चिन्छ भने त्यसलाई जनशक्तिद्वारा यस प्रकार दपेटियोस् कि अरूमा त्यस्तो गर्ने साहस नै नजुर्मुराओस् । मिलीजुली खाने, मिलीजुली बस्ने सामाजिक संरचना अन्तर्गत नै मानिसलाई सुख-शान्ति प्राप्त हुन सक्छ । यो सोचियोस् कि मानिसजस्तै अरू प्राणीलाई पनि बाँच्ने अधिकार छ ।

यस प्रकार आज आवश्यकता, जीवनको प्रत्येक क्षेत्रमा विवेक एवं औचित्यको आधारमा, नयाँ युगदर्शन निर्माण र बौद्धिक तथा नैतिक क्रान्ति गर्ने हो । सामाजिक क्रान्तिमा यस्ता प्रचलनहरू निरस्त गरियोस्, जो विषमता, विघटन, अन्याय र अनौचित्यका पृष्ठपोषक देखिन्छन् । पारस्परिक स्नेह, सौमनस्य, सहयोग विस्तार गर्ने 'वसुधैव कुटुम्बकम्' को 'आत्मवत् सर्वभूतेषु'जस्तो दृष्टिपोषक प्रथा-प्रचलनहरूले मात्र मान्यता पाऊन् र शेषलाई, औचित्यको कसीमा खोटो सिद्ध भएपछि बढारेर रछ्यानमा फालिदिउँ ।

संसारका आठ अर्ब मानिसमा व्याप्त भ्रान्ति, विकृति, दुष्प्रवृत्तिसँग जुझ्न कठिनजस्तो लाग्ने मात्र हो-युगमनीषा यदि त्यस्तो गर्न तत्परता प्रकट गरोस् त सत्यमा हजार हात्तीको बल हुन्छ । यस उक्तिको आधारमा श्रेष्ठताको वातावरण पनि यसै प्रकार तयार हुन्छ, जसरी औंलामा गन्न सकिने मानिस अग्रगामी भएर, दुष्टतापूर्ण प्रचलनहरूद्वारा लोकमानसलाई भ्रष्ट पारेर राखेका छन् ।

# दिगो र उत्थानशील यातायात पूर्वाधार किन ?

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**सडक निर्माणमा प्रयोग हुने प्रविधि र सामग्रीको गुणस्तरमा ध्यान दिनुपर्दछ । तर, हामीकहाँ काम लगाउने निकाय र सडक/पुल बनाउने व्यवसायीको मिलेमतोमा गुणस्तरहीन काम भएका उदाहरणहरूको कुनै कमी छैन । यो प्रवृत्तिले जनताको ज्यान लिने काम गरेको छ ।**

अहिले दिगो र उत्थानशील सडक र यातायातको आवश्यकतामा बहस शुरू भएको छ । सरकारले आन्तरिक र बाह्य सहयोगमा आधारित विकास मोडेलमा यो अवधारणा अघि सारेको छ । सडक र यातायातका पूर्वाधारमा यो अवधारणाको खाँचो किन पऱ्यो त ? केही महीना अघि चितवनको सिमलतालबाट पहिरोले बगाएर त्रिशूलीमा बस हराएको घटनाबारे छानबीन गर्न बनाइएको समितिले भरतपुर महानगरले जथाभावी पहाड खोतलेर बनाएको सडकलाई त्यो दुर्घटनाको मुख्य कारण मानेको थियो । यो बाहिर आएको तथ्य मात्र हो, अधिकांश दुर्घटनाको त छानबीन नै हुँदैन, चालकको लापरवाही भन्दै घटनाको सामान्यीकरण गरिन्छ । तर, यति गरेर मात्र राज्यको दायित्व पूरा हुन सक्दैन । जनतालाई सुरक्षित यात्राको प्रत्याभूति दिन सक्नु राज्यको दायित्व हो ।

अव्यवस्थित सडक निर्माण, अस्तव्यस्त र जोखिमपूर्ण यात्राको कारण बनिरहेको छ । यसले गर्दा आवागमन र पारवहनमा समस्या, अर्थतन्त्रमा समय र खर्चको भार पनि बढेको उत्ति नै सत्य हो । यसबाट अर्थतन्त्रमा प्रतिकूल प्रभाव परिरहेको छ । दिगो र उत्थानशील सडक निर्माण गरी वातावरण संरक्षण, सुरक्षित यात्रा, अर्थतन्त्रको लागत न्यूनीकरण आजको अपरिहार्य आवश्यकता हो । यो कसरी गर्ने त ? यसको समाधान अघि अहिले देखिएका यी समस्या र चुनौतीहरूको मिहीन केलाइ वाञ्छनीय हुन्छ ।

अन्तर्राष्ट्रिय अभ्यास अनुसार राजमार्गलाई कम्तीमा पनि ७ देखि १० वर्षमा पुनर्निर्माण गर्नुपर्छ । हामीकहाँ त राजमार्गका खाल्डा टाल्ने कामसमेत उचित तरीकाले भएको पाइँदैन । राजमार्गका खाल्डाखुल्डीकै कारण भएका दुर्घटनामा कतिले ज्यान गुमाएका छन् । अरू त परको कुरा, सडकमा यात्रुलाई सचेत बनाउने सङ्केतसमेत स्पष्ट तरीकाले राखेको पाइँदैन । यस्तोमा दोषी को ? यसको जिम्मा समयमा सडक मसम्मत नगर्ने र जोखिमयुक्त सडकमा यात्रा गर्न विवश बनाउने सरकारी संयन्त्र जवाफदेह हुनुपर्दछ कि पर्दैन ? नेपालको सडक मापदण्डले राष्ट्रिय राजमार्ग, सम्पर्क सडक, जिल्ला सडक र शहरी सडकको वर्गीकरण गरेको छ । यसमा गुणस्तरको मापदण्ड पनि तोकिएको छ । हामीकर्हा खोला किनार र पहाडको फेद खनेर बनाइएको सडक सडकजन्य दुर्घटनाको कारण बनेका छन् । सुरक्षाको मापदण्डको कुनै वास्ता नगरी बनाइएका राजमार्ग मृत्युमार्गजस्ता भएका छन् । स्थानीय सरकारहरूलाई शक्तिशाली बनाइएपछि पहरा र कान्ला भत्काएर बाटो खोल्ने होड स्थापित भएको छ । त्यसको भौगार्भिक अवस्था के कस्तो छ ? त्यहाँ कुन खालको सवारी साधन जान सक्छ ? त्यसको कुनै लेखाजोखा छैन । सडकको ट्र्याक खोलिदिए पुग्यो, त्यहाँ सवारीका साधन दौडिन थाल्छन् । यो विकास होइन, सर्वधारणलाई कालको मुखमा धकेल्ने उपक्रम हो ।

घटना दुर्घटनापछि बनाइने समिति अहिलेसम्म कर्मकाण्डमा सीमित छन् । ठूलो मानवीय क्षतिको कारण बनिरहेको सडकको मापदण्ड र सुरक्षा चिन्ताको विषय बन्दै गएको छ । सडकको गुणस्तर र यात्रुको सुरक्षालाई कत्ति पनि ध्यान दिइएको छैन । राज्यको यो लापरवाहीको मूल्य सडकमा यात्रा गर्ने आम मानिसले अकालमा ज्यान गुमाएर चुकाइरहेको छ । सरकार आँखा चिम्लेर बसेको छ ।

सरकारी तथ्याङ्क हेर्दा प्रत्येक वर्ष सडकको लम्बाइ बढेको देखिन्छ । नेताहरू यसलाई लोकतन्त्रपछिको विकासको उदाहरणको रूपमा पेश गर्दछन् । मापदण्ड र गुणस्तरमा कत्ति पनि ध्यान दिइएको छैन । गुणस्तरहीन सकड संरचना बनाउने प्रवृत्तिले भ्रष्टाचारमात्र मौलाएको छैन, यस्ता सडक दुर्घटनाका कारण बनेका छन् ।

सडक दुर्घटनामा अधिकांशतः चालकलाई दोषी देखाइन्छ । हामीकहाँ बन्ने सडक यस्ता दुर्घटनाका लागि कति जिम्मेवार छन् ? ती सडक बनाउनु अघि भौगर्भिक परीक्षण गरेर उपयुक्त स्थानमा मात्रै सडक बनाउने अभ्यास छ कि छैन, यहाँ त पहुँचवालाको स्वार्थ र लहडमा सडक योजना बनाइन्छ । यो बेथितिबीच सडकमा सुरक्षाको सवाललाई पूरै बेवास्ता गरिन्छ ।

तराई-मधेसमा ढलान सडक र पहाडतिर भिर खोस्रेर बाटो निकाल्ने प्रतिस्पर्धा देखिएको छ । चुरे र महाभारत पर्वत क्षेत्रमा सडकका ट्र्याक खोलिएका छन् । यो भूबनोट अत्यन्तै संवेदनशील मानिन्छ । यसमा आउन सक्ने समस्याप्रति कुनै पनि निकाय गम्भीर देखिएको छैन । यस्तोमा सडक भासिने, भत्किने, पहिरो जानेजस्ता समस्या आउँछन् । हिड्नका लागि बनाइएको सडकमा माथिबाट झरेको पहिरोले ज्यान लग्छ भने जस्ता पूर्वाधारको के अर्थ ?

कमसल सडकले हुने दुर्घटनामा कैयौंको ज्यान गएको छ । गाउँगाउँमा पहरा खोतल्दै मौलाएको डोजरे विकासले दुर्घटना र बाढीपहिरोजस्ता विपद् निम्त्याएको छ । सडकको गुणस्तर कायम नहुँदा भोग्नुपरेको क्षतिबारे अहिलेसम्म तथ्यपरक मन्थन भएको सुनिएको छैन । कुनै दुर्घटना भए अनुसन्धानका टोली खटाइन्छन् । त्यस्ता अध्ययनले चालकको लापरवाही वा तीव्र गतिलाई कारण देखाउँछन् । सडकको दुरवस्था र असुरक्षा त्यस्ता अध्ययनको आँखामा परेको जानकारी छैन ।

पहिरोको उच्च जोखिमयुक्त क्षेत्रमा सडक बनाउनुहुँदैन । जोखिमयुक्त क्षेत्रको भौगर्भिक अध्ययन गरेर उपयुक्त भए मात्रै सडक बनाउनुपर्दछ । उदाहरणकै लागि हेरौं, नारायणगढ-मुग्लिन सडकको निर्माण र विस्तारमा अहिलेसम्म कति खर्च भइसक्यो । पहिरोको पीडा सकिएको छैन । यति नै पैसा लगाएको भए अरू स्थानबाट सुरक्षित वैकल्पिक सडक बनाउन सकिन्थ्यो कि ? काठमाडौं तराई द्रुतमार्गलाई पूरा गर्न सकेको भए पनि यो खण्डको विकल्प तयार हुन सक्दथ्यो । गरीबी र यस्ता विपत्तिहरू एकअर्कासित सम्बन्धित हुन्छन् । आयस्तर कम भएपछि मानिसहरू पर्यावरणमाथि निर्भर हुन्छ । यसको विनाशबाट आय आर्जनका उपायमा तल्लीन हुँदा पनि विपत्तिका घटना आइलाग्छन् । अर्कोतिर यस्ता विपत्तिले मानिसलाई झन् गरीब बनाउँदै लगेको हुन्छ । अर्थात् विपत्तिको सम्भावनालाई कम गर्न पनि मानिसको आयस्तर उकास्न जरूरी छ । अर्को, राज्यको आयस्रोत पनि पूर्वाधारजन्य विपत्तिको कारण हो । हामीकहाँ सीमित स्रोत र साधनबाट धेरै विकासका काम गर्नुपर्ने बाध्यता छ । थोरै बजेटमा बढी काम गर्नुपर्ने अवस्थाले गर्दा टालटुले र कामचलाउ पूर्वाधार बन्छन् र यी विपत्तिको कारण बन्छन् । सडक र पुलमा यो देखिएको छ । निर्माण पूरा नहुँदै सडक भत्किने र पुल भासिने स्थिति यसैको उपज हो ।

सडक निर्माणमा प्रयोग हुने प्रविधि र सामग्रीको गुणस्तरमा ध्यान दिनुपर्दछ । तर, हामीकहाँ काम लगाउने निकाय र सडक/पुल बनाउने व्यवसायीको मिलेमतोमा गुणस्तरहीन काम भएका उदाहरणहरूको कुनै कमी छैन । यो प्रवृत्तिले जनताको ज्यान लिने काम गरेको छ । सडक, पुल, भवनजस्ता सार्वजनिक उपयोगका पूर्वाधारमा सार्वजनिक खरीद प्रक्रिया नै गलत छ । हाम्रो खरीद नियमले सबैभन्दा कम मूल्यलाई ग्राह्यता दिएको पाइन्छ ।

प्राविधिक पक्ष आर्थिक पक्षको तुलनामा ओझेलमा पर्दै आएको छ । यसले कम मूल्यमा ठेक्का सकार्नेले काम पाउने अवस्था छ । त्यसमाथि ठेकेदार र सम्बन्धित निकायका अधिकारीको अदृश्य लेनदेन बेग्लै छ । यो गलत परिपाटीले निर्माणको गुणस्तरमा सम्झौता भइरहेको छ, यसको भुक्तान फेरि पनि तिनै निर्दोष मानिसले गरिहरहेका छन्, अकालमा ज्यान गुमाएर । जो उनीहरू हिंड्ने सडकको सुरक्षा कमजोर पार्न को-को के र कसरी जिम्मेवार छन्, त्यसको कुनै मेलोमेसो पाउँदैनन् ।

पर्यावरणमैत्री सडक र यातायात पूर्वाधारको तयारी गर्नुपर्दछ । भौगर्भिक अध्ययन, पर्यावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिंदै कम कार्बन उत्सर्जन गर्ने प्रविधि र सामग्रीको प्रयोगबाट यातायातको पूर्वाधारको तयारी हुनु अति जरुरी भइसकेको छ । सडक कालोपत्रे गर्दा पुरानो सडकका सामग्रीको प्रयोग गर्ने हो भने सडकको लागत कम गर्न सकिन्छ । दुर्घटना न्यूनीकरणका लागि सडकको सुरक्षामा सुधारको खाँचो छ । सडक बनाएर मात्र हुँदैन, सुरक्षाका मापदण्ड पनि पूरा गरिनुपर्दछ । सडकमा बत्ती, सङ्केत, रोड डिभाइडरको उपयुक्त प्रबन्धले दुर्घटना न्यूनीकरण हुन्छ । चालक अनुमतिपत्र वितरणमा घूसखोरी, यातायात सञ्चालनका ऐन कानूनको प्रभावकारी कार्यान्वयन पनि अनिवार्य आवश्यकता हुन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# इजरायलद्वारा इरानमा क्षेप्यास्त्र आक्रमण

जेरुसेलम, १० कात्तिक/एएफपी

इजरायलले इरानका विभिन्न सैन्य आधारमा शनिवार हवाई आक्रमण गरेको बताएको छ।

गरेको दोस्रो प्रत्यक्ष आक्रमण थियो।

"इजरायली सुरक्षा बल (आइएएफ)को विमानले इरानले इजरायली राज्यमा प्रहार गरेको क्षेप्यास्त्र

अन्त्यदेखि, यो लेबनानमा हिजबुल्लाहसँग युद्धरत रहेको छ।

इजरायली सेनाले एक विज्ञप्तिमार्फत इरानबाट भइरहेको महीनौंको निरन्तर



इजरायली सेनाले आफ्नो आक्रमणले इरानको मिसाइल उत्पादन केन्द्रलगायत विभिन्न क्षेत्रमा क्षेप्यास्त्र आक्रमण गरेको जनाएको छ।

त्यसैगरी, इरानले राजधानी तेहरान र देशका अन्य सैन्य आधारमा इजरायली आक्रमण भएको पुष्टि गरेको छ।

इजरायलले अक्टोबर १ मा इरानले गरेको क्षेप्यास्त्र आक्रमणको जवाफ दिने वाचा गरेको थियो, जुन इस्लामिक गणतन्त्रले आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि

उत्पादन गर्न प्रयोग गरिने क्षेप्यास्त्र उत्पादन केन्द्रहरूमा प्रहार गरेको छ"–इजरायली सेनाले एक विज्ञप्तिमा भन्यो।

"त्यसैगरी, आइडिएफले अतिरिक्त इरानी हवाई क्षमतामा प्रहार गरेको छ"–सेनाले भन्यो–"यससँगै हाम्रो मिसन पूरा भएको छ।"

सन् २०२३ को अक्टोबर ७ मा आफ्नो इतिहासको सबैभन्दा घातक आक्रमणपछि इजरायल गाजामा हमाससँग लडिरहेको छ, र गत महीनाको

आक्रमणको प्रतिकारस्वरूप इरानी सैन्य लक्ष्यहरूमा सटीक आक्रमण गरिरहेको बताएको छ।

आक्रमणपछि इरानले शनिवार सबै उडान स्थगित गरेको उड्डयन प्राधिकरणले घोषणा गरेको छ।

दमास्कसस्थित इरानको कन्सुलर एनेक्समा भएको घातक आक्रमणको बदलामा इरानले अप्रिलमा इजरायली क्षेत्रमा पहिलोपटक प्रत्यक्ष आक्रमण शुरू गरेको थियो। रासस

# इजरायलमाथि आक्रमण नगर्न अमेरिकी आग्रह

वाशिङ्टन, १० कात्तिक/एएफपी

संयुक्त राज्य अमेरिकाले हिंसाको चक्र अन्त्य गर्न शनिवार इजरायलले गरेको क्षेप्यास्त्र आक्रमणको बदलामा इरानलाई इजरायलमाथि थप आक्रमण नगर्न आग्रह गरेको छ।

"हामी इरानलाई इजरायलमाथि आक्रमण नगर्न आग्रह गर्छौं, जसले द्वन्द्वको यो चक्र थप वृद्धि नगरी अन्त्य गर्न सकियोस्"–अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता सीन साभेटले पत्रकारहरूलाई भने।

इजरायली सेनाले शनिवार इरानविरुद्ध सैन्य आधार र मिसाइल उत्पादन केन्द्रलगायत अन्य क्षेत्रहरूमा आक्रमण गरेको छ।

"उनीहरूको प्रतिक्रिया आत्मरक्षाको अभ्यास थियो र इजरायलले जनसङ्ख्या भएका क्षेत्रमा असर नपर्ने गरी केवल सैन्य लक्ष्य–केन्द्रित आक्रमण गरेको थियो"–उनले भने।

इजरायलले इरानमा गरेको आक्रमणमा संयुक्त राज्य अमेरिकाको कुनै संलग्नता नरहेको कुरामा जोड दिंदै साभेटले भने–"मध्यपूर्व क्षेत्रमा तनाव कम गर्नु हाम्रो उद्देश्य हो।" रासस

# रोक्का गरिएको रूसी सम्पत्तिबाट युक्रेनलाई ५० अर्ब डलर ऋण दिने जी ७ को अन्तिम निर्णय

वाशिङ्टन, १० कात्तिक/एएफपी

संसारका सबैभन्दा धनी राष्ट्रहरूको समूह जी ७ का नेताहरूले रोक्का राखिएको रूसी सम्पत्तिबाट भएको नाफाबाट कियभलाई सहयोगस्वरूप ५० अर्ब डलर दिने अन्तिम निर्णय गरेको एक विज्ञप्ति मार्फत शुक्रवार घोषणा गरेका छन्।

सात धनी प्रजातान्त्रिक समूहका नेताहरूले यस वर्षको अन्त्यसम्ममा ऋण वितरण शुरू गर्ने लक्ष्यका साथ लगभग ५० अर्ब डलर ऋण कसरी वितरण गर्ने भन्ने कुरामा सहमति भएको बताएका छन्।

वाशिङ्टनमा विश्व वित्तीय नेताहरू भेला भएपछि उनीहरूको यो घोषणा आएको हो।

"युक्रेनलाई आवश्यक पर्ने समर्थन




"युक्रेनको बजेट, सैन्य र पुनर्निर्माणलाई सहयोग गर्न धेरै च्यानलमार्फत ऋण वितरण गरिनेछ," जी ७ का नेताहरूले बताएका छन्।

अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले आयोजना गरेको बैठकका लागि यस हप्ता

दिने हाम्रो सङ्कल्पबाट हामी पछि हट्ने छैनौं," समूहले प्रतिबद्धता जनाएको छ।

उनीहरूले मस्कोलाई आफ्नो युद्ध अन्त्य गर्न र युक्रेनलाई भएको क्षतिको मूल्य चुकाउन पनि आह्वान गरेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कार्यनाश | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – कान्तिक्षय |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – राज्यभय | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुभयण |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**छठघाट सरसफाइ गर्दै श्रमिकः** सर्लाही सदरमुकाम मलङ्गवा नगरपालिका–१० स्थित मुलही पोखरीको छठघाट सरसफाइ गर्दै श्रमिक। छठ पर्वलाई लिएर यहाँको जलाशयभित्र रहेको जलकुम्भी तथा फोहर हटाएर सरसफाइ गर्ने कामलाई तीव्रता दिइएको छ। लोक आस्थाको पर्व छठ यस वर्ष कात्तिक २२ गतेका दिन मनाइनेछ। तस्बिरः विश्वनाथ ठाकुर/रासस

# अविरल वर्षाबाट रु १५ करोड बराबरको पुष्पखेतीमा नोक्सान

काठमाडौं, १० कात्तिक/रासस

गत असोज ११ र १२ गतेको अविरल वर्षाको कारण पुष्पखेतीमा समेत क्षति पुऱ्याएको छ। यसबाट सयपत्री फूलको मूल्य बढ्ने भएको छ।

फुल्न थालिसकेको फूल वर्षाकै कारण नोक्सान भएपछि तिहारमा भारतबाट १५ लाख माला आयात गर्ने तयारी रहेको फ्लोरिकल्चर एशोसिएशनका अध्यक्ष दिलीप बादेले जानकारी दिए।

गत वर्ष रु ६५ देखि ७० सम्म एउटा मालालाई परेको भएपनि यस वर्ष प्रतिगोटा रु ८० देखि ८५ सम्म होलसेल मूल्य पर्ने उनले बताए। अविरल वर्षाका कारण करीब रु १५ करोडको फूल नोक्सान भएको थियो।

अध्यक्ष बादेका अनुसार बजार मागअनुरूप नै गत वर्षको तुलनामा यस वर्ष सात लाख बढी सयपत्री फूलको मालाको माग छ। गत वर्षको तिहारमा ३३ लाख माला खपत भएको थियो। बजार मागको ६० प्रतिशत फूल काठमाडौं उपत्यकामा प्रयोग हुने गरेको छ।

यस वर्षको तिहारका लागि ४० लाख सयपत्री फूलको मालाको बजार माग रहेको छ। फ्लोरिकल्चर एशोसिएशनका अनुसार यस वर्षको तिहारमा बजार माग ४० लाख मालाको रहेको र स्वदेशी उत्पादन २५ लाख माला मात्र रहेकाले यस वर्षको तिहारमा १५ लाख सयपत्री माला भारतबाट आयात गर्न लागिएको हो।

बजार माग हरेक वर्ष १५ देखि २० प्रतिशतसम्म वृद्धि हुने तर उत्पादन भने बढीमा १० प्रतिशतले मात्र वृद्धि हुने गरेको छ। विशेषगरी तिहारमा प्रयोग हुने मखमली र गोदावरी फूल स्वदेशी उत्पादनले नै पुग्ने गरेको भएपनि तिहारमा प्रयोग हुने सयपत्री र प्रणय दिवसमा प्रयोग गरिने रातो गुलाब भने छिमेकी मुलुक भारतबाट ल्याउनुपर्ने बाध्यता अझै टरेको छैन।

नेपालमा विसं २००७ देखि शुरू भएको पुष्प व्यवसाय शहरीकरणको विकास तथा विस्तारसँगै फस्टाउँदै गएको छ। फूलको मागमा आएको वृद्धिसँगै काठमाडौं उपत्यकाको तीन जिल्लासहित कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ५२ वटा जिल्लामा पुष्पखेती विस्तार भएका छन्।



व्यावसायिकरूपमा ४५० प्रजातिका फूल उत्पादन हुँदै आएको छ। यस व्यवसायबाट ४४ हजारभन्दा बढी व्यक्तिले प्रत्यक्ष अप्रत्यक्षरूपमा लाभ लिएका छन्। नेपालमा लगभग २२१ हेक्टर क्षेत्रफलमा एक हजार १८४ व्यवसायीले पुष्पखेती गरेका छन्।

नेपाल राष्ट्र बैंक
वीरगंज कार्यालय

**तोडाचलानका लागि सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा लिनेबारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथमपटक प्रकाशित मिति : २०८१/०७/११)

नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालयको कार्यक्षेत्र अन्तर्गतका नोट कोष/भारु कोष रहेका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका तोकिएका शाखाहरूमा तथा नेपाल राष्ट्र बैंकका विभिन्न विभाग तथा कार्यालयहरूमा तोडाचलान (Fund Transfer) कार्यको लागि आवश्यक परेको बखत सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा लिनुपर्ने भएकाले सम्झौता भएको मितिबाट शुरू भई मिति २०८२ असार मसान्तसम्मका लागि सवारीसाधन (बस, ट्रक तथा जीप) भाडामा दिन इच्छुक कालोसूचीमा नपरेका फर्म/कम्पनीहरूबाट निम्न शर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र फाराम यस बैंकको वीरगंज कार्यालयबाट पछि फिर्ता नहुने गरी रु १,०००।०० (अक्षरेपि एक हजार मात्र) ना.नो.आ.हि. फुटकर अन्य आम्दानी हिसाब (१७०००००/०३०/०१२/५२४)मा मिति २०८१/०७/२५ गते दिउँसो ३:०० बजेभित्र नगद जम्मा गरी यस बैंकको वीरगंज कार्यालयबाट खरीद गर्न सकिनेछ।
२. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६औं दिन मिति २०८१/०७/२६ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो १२:३० बजेभित्र यस बैंकको वीरगंज कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ। यस कार्यालयबाट खरीद गरेको आधिकारिक दस्तखत र छाप भएको फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।
३. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६औं दिन मिति २०८१/०७/२६ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो ०२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको वीरगंज कार्यालयमा दरभाउपत्र खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिनेछैन।
४. सिलबन्दी दरभाउपत्रका साथ बिड जमानतबापत रु २५,०००।– (अक्षरेपि पच्चीस हजार मात्र) यस बैंकको सन्ड्री क्रेडिटर्स धरौटी हिसाब (१७०९९९/०११/००४/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरेको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनुपर्नेछ।
५. सिलबन्दी दरभाउपत्रसम्बन्धी अन्य शर्तहरू दरभाउपत्र फाराम, सार्वजनिक खरीद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरीद विनियमावली, २०७१ (पाँचौं संशोधन, २०७९ समेत)मा उल्लेख भएबमोजिम हुनेछ।
६. यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालय, आन्तरिक प्रशासन फाँट (फोन नं ०५१ ५९११६६ एक्सटेन्सन ११४)मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।
७. यो सूचना बैंकको वेबसाइट www.nrb.org.np मा समेत प्रकाशित गरिएको छ।

नेपाल राष्ट्र बैंक
वीरगंज कार्यालय

# पार्टीभित्र शुद्धीकरण आवश्यक –केस रूँगटा

प्रस, वीरगंज, १० कात्तिक/

नेपाली काङ्ग्रेस वीरगंज–१४ एकाइ समितिको आयोजनामा शनिवार पिपरा धर्मशालामा हिन्दूहरूको महान् पर्व शुभ दीपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।




कार्यक्रमका प्रमुख अतिथि नेकाका केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य अनिल रूँगटाले दीपावली तथा छठ पर्वको शुभकामना दिंदै पार्टी हितका लागि पार्टीभित्र शुद्धीकरण आवश्यक रहेको बताए। उनले पार्टी हितका लागि सबैजनालाई एकजुट भएर अगाडि बढ्न सुझाए।

नेका पर्साका कावा सभापति रामनारायण कुर्मीले पार्टीभित्र देखिएका विभिन्न असन्तुष्टिहरूलाई चिरेर पार्टी एक ढिक्का बनाएर अगाडि बढ्दा सबैको हित हुने बताए। कार्यक्रम एकाइ अध्यक्ष विश्वेश्वर पटेलको अध्यक्षतामा भएको थियो।



प्रमोद यादव, पंचगावाँ, १० कात्तिक/

गोपाल सेवा तदर्थ समिति पर्सा क्षेत्र नं ३ को आयोजनामा पटेर्वासुगौली गापा–४ पटेरवासी मन्दिरमा दीपावली तथा छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा शिक्षाविद् हरिराजप्रसाद यादवले गोपाल सेवा समितिको मुख्य उद्देश्य यादव समुदायको एकता, पहिचान, र समृद्धि रहेको बताए। उनले यादव समुदायले कृषिलगायतका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको बताए। उनले यादव समुदायले शिक्षामा लगानी, युवाहरूलाई सशक्त बनाउने प्रयास र आर्थिक सशक्तीकरणलाई प्राथमिकता दिनुपर्ने जिकिर गरे। समुदायगत विकासका साथै सामाजिक समानतामा पनि विशेष ध्यान दिनुपर्ने उनले बताए।

ज्येष्ठ नागरिक गयाप्रसाद यादवले यादवहरू एकजुट भएर आपसी सहयोग र सद्भावको वातावरण निर्माण गर्नुपर्ने बताए। कार्यक्रममा बिसुन यादव, व्यास यादव, डोमा यादव, कारी यादव, विश्वनाथ यादवलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। तदर्थ समितिका अध्यक्ष नागेन्द्रप्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण भागरत यादवले गरेका थिए।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,

- शरीरका विभिन्न अङ्गमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउँछ।

**त्यसैले मधुमेहबाट बच्न,**

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जङ्क फूड तथा तारेका, भुटेका पदार्थहरू नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरू नखाऔं,
- तनाव व्यवस्थापन गरौं,

नियमित स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### रेडियोको ...

कार्यक्रममा उनले रेडियाको महत्त्व र प्रभाव अहिले पनि कम नभएको बताए। उनले विगतमा प्राकृतिक विपद्को समयमा रेडियोले प्रभावकारी भूमिका खेलेको बताए।

कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले मिडियाले वीरगंज महानगरको समस्या नदेखेको चर्चा गर्दै खाली नकारात्मक कुरा सार्वजनिक डोमेनमा ल्याएर तटस्थ मिडियाको भूमिकाबाट पछि हटेको आरोप लगाए। उनले पत्रकारिताको धर्म बिर्सिंदा अहिले जनप्रतिनिनिधि र पत्रकारबीच द्वन्द्व बढेको बताए। उनले वीरगंज महानगरका सत्यतथ्य समस्या उजागर गरी केन्द्रसम्म पुऱ्याइदिन आग्रह गरे। उनले केही पत्रकारले व्यक्तिगत कुरालाई उठान गरी छवि बिगार्ने चेष्टा गरेकामा दुःख व्यक्त गरे।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुबोध गुप्ताले निजी क्षेत्रको लागि सबै तहका सरकारले सोच्नुपर्ने बताए। उनले निजी क्षेत्रको बारेमा तीनै तहका सरकार उदासीन बन्दा उद्योगधन्धा अहिले मारमा परेको बताए।

नेपाल पोस्ट मिडिया प्रालिका निर्देशक मनोज पटेलले रेडियो सीमाञ्चलले विशेषगरी शिक्षा, कृषि, स्वास्थ्य र महिला सशक्तीकरणलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्ने जानकारी दिए।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवाल, नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, प्रदेश महासचिव श्याम बन्जारा, शाखा उपाध्यक्ष युवराज खड्का लगायतको सहभागिता थियो।

### १३ जना महिलासहित ...

चौरसिया, प्रेमराउत कुर्मी, राजेश दास, सन्दीप पण्डित, सोनीकुमारी दास, चन्दन रौनियार, आर्जन दास, वीरेन्द्रकुमार यादव, अनमोलराज रौनियार, सन्देश कुशवाहा, जीतेन्द्रकुमार चौरसिया, सुनीता थापा, राजकुमार चौधरी, शान्ति मिश्र, राकेश गुप्तालगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेयले बताए।

यसैगरी, वीरगंज महानगरपालिका–१७ अलौंमा युनिभर्सल युनाइटेड क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित ३२ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए। क्लबका अध्यक्ष राजेशराउत कुर्मीको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन हरेरामप्रसाद पटेलले गरेका थिए भने वडाध्यक्ष सञ्जीव छतकुली, शिवओम लामिछानेलगायतको सहभागिता थियो।

कार्यक्रममा आसिक अन्सारी, सुशीलकुमार साह, नैमुद्दीन मियाँ, अनवत राम, नसरूल मियाँ, सञ्जय सिलवाल, लक्ष्मी देवी, पूर्णिमा शर्मा, कमला देवी, असलम अन्सारी, रुदल अन्सारीलगायतले रक्तदान गरेका थिए।

# खेलकूदको संसार

## उपाधि विन्ध्यवासिनीलाई

प्रस, पोखरिया, १० कात्तिक/

सखुवाप्रसौनी गाउँपालिकाको सहयोगमा सखुवाप्रसौनी युवा समाजद्वारा आयोजित सखुवाप्रसौनी क्रिकेट प्रतियोगिताको उपाधि विन्ध्यवासिनीले जितेको छ।

शनिवार सम्पन्न प्रतियोगिताको फाइनल खेलमा ३१ रनअन्तरले पोखरियालाई हराउँदै विन्ध्यवासिनीले उपाधि हात पारेको हो। टस जितेर ब्याटिङ गरेको विन्ध्यवासिनीले निर्धारित २० ओभरको खेलमा १४.४ ओभरमा सबै विकेट गुमाएर ८३ रन बनाएको थियो।




प्रतिउत्तरमा ८४ रनको विजयी लक्ष्य पाएको पोखरिया भने १२.३ ओभरमा सबै विकेट गुमाएर ५३ रनमा सीमित भएको थियो। प्रतियोगितामा 'म्यान अफ दी म्याच' विन्ध्यवासिनीका राजाबाबू घोषित भए।

कार्यक्रमका प्रमुख अतिथि सांसद प्रभु हजराले विजेता र गापाध्यक्ष यशवन्त यादवले उपविजेतालाई क्रमशः नगद ३० र १५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरेका थिए। प्रमुख अतिथि हजराले गापाले भौतिक विकासका साथै खेलकूदको विकासमा पनि सघाउनुपर्ने सुझाए। उनले खेलको विकासबाट पालिका, प्रदेश र देशको नाम फैलिने बताए। क्रिकेटलगायत पालिकामा खेलिने अन्य खेलहरूलाई पनि प्रोत्साहन गर्नुपर्ने उनले आग्रह गरे।

गापाध्यक्ष यादवले पालिकाले खेल मैदान स्तरोन्नतिका लागि २५ लाख बजेट विनियोजन गरेको बताए। उनले आफूले खेलको विकासमा ध्यान दिंदै आएको र अझ स्तरीयरूपमा खेल प्रतियोगिताहरू आयोजना गरिने बताए।

समाजका अध्यक्ष अशोक पटेलको अध्यक्षतामा भएको समापन कार्यक्रममा एमाले पर्साका सचिव महेश दास, अनिरुद्ध पटेल, पूर्णवासी राउत, मुक्ति पटेललगायतले मन्तव्य व्यक्त गरेको समाजका सचिव सरोज पटेलले बताए।

## सुनीरा र ऋतिकलाई एक लाख पुरस्कार

पाटन (ललितपुर), १० कात्तिक/रासस

वीर गणेशमान सिंह चौथो राष्ट्रिय टेनिस प्रतियोगिता सुनिरा थापा र ऋतिक राणालाई रु एक लाख पुरस्कार प्रदान गरिएको छ।

नेपाल टेनिस सङ्घको खेलमैदान सातदोबाटोमा गणेशमान सिंह फाउन्डेशनद्वारा आयोजित वीर गणेशमान चौथो राष्ट्रिय टेनिस प्रतियोगिताको समापन तथा पुरस्कार वितरण समारोहमा शनिवार उपप्रधान एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले उनीहरूलाई मेडल, प्रमाणपत्रसहित रु एक लाखको चेक हस्तान्तरण गरे।

महिला सिङ्गलतर्फको उपाधिका लागि सुनीरा थापाले अभिलाषा विष्टलाई पराजित गर्दै उपाधि हात पारेकी थिइन्। सेमिफाइनलमा अभिलाषाले प्राज्ना मानन्धरलाई र सुनीराले स्वस्तिका विष्टलाई पराजित गरेका थिए। पुरुष सिङ्गलतर्फ ऋतिक राणाले राजवीर प्रधानलाई पराजित गर्दै उपाधि हात पारे। यस अघि सेमिफाइनलमा राजवीरले प्रणव मानन्धरलाई र ऋतिकले आयुष्मान घलेलाई पराजित गर्दै उपाधि यात्रा तय गरेका थिए।

प्रतियोगितामा पूर्वउपप्रधानमन्त्री कमल थापाले दुईवटा उपाधि हात पारे। थापाले पुरुष ५५ वर्षमाथि र ६५ वर्षमाथि उमेर समूहको सिङ्गलमा गरी दुई उपाधि चुम्न सफल भए। उनले ५५ वर्षमाथि उमेर समूहको फाइनलमा मनोजविक्रम शाहलाई र ६५ वर्षमाथि सिङ्गलमा ध्रुव गुरुङलाई पाराजित गर्दै उपाधि हात पारेका हुन्।

पुरुष डबल्सको उपाधि प्रदीप खड्का र आयुष्मान घलेले हात पारे। उनीहरूले फाइनलमा प्रणव खनाल र निहालजङ्गबहादुर थापालाई पराजित गरेका थिए।

पुरुष ४५ वर्षमाथि डबल्समा डिगेन्द्र श्रेष्ठ र चन्द्र शाहीको जोडी प्रथम हुन सफल भयो। यो जोडीले फाइनलमा महेश श्रेष्ठ र मानबहादुर कटुवालको जोडीलाई हराएको हो। यू–१२ उमेर समूहको महिलातर्फ सिङ्गलमा अनुश्री धोजु र पुरुष सिङ्गलमा विश्व डल्लाकोटी प्रथम हुन सफल भए। अनुश्रीले फाइनलमा सारा पन्तलाई र विश्वले आरित मल्ललाई हराउँदै उपाधि जित्न सफल भएका हुन्।

# जूनतारा सहकारीको साधारणसभा सम्पन्न

प्रस, बिरुवागुठी, १० कात्तिक/

पर्सागढी नगरपालिका–३ स्थित जूनतारा महिला बचत तथा ऋण सहकारी संस्थाको शनिवार १५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

संस्थाकी अध्यक्ष मञ्जुदेवी क्षत्रीको अध्यक्षतामा भएको साधारणसभाको उद्घाटन नगरप्रमुख गोकर्ण पाठकले गरेका थिए। उनले सहकारीमा बचत गरेको रकम अपचलन, अनियमितता तथा ठगेर भाग्ने चलन बढेका कारण सहकारीप्रति बचतकर्ताहरूको विश्वास घटिरहेको बताए। उनले पुरुषले भन्दा महिलाहरूले सञ्चालन गरेका सहकारीमा बचतकर्ताहरूको विश्वास बढेको र पर्सागढी नगरपालिकासमेत जिल्लाभरिमैं जूनतारा महिला बचत तथा ऋण सहकारी संस्था उत्कृष्ट रहेको दाबी गरे।

साधारणसभामा नपाकी सहकारी शाखा प्रमुख झरना क्षत्री, पत्रकार बलिराम शुक्लालगायतले मन्तव्य व्यक्त गरेका थिए।




साधारणसभामा संस्थाले आव २०८०/८१ मा पाँच करोड ६५ लाख ३४ हजार ९४१ रुपैयाँको कारोबार भएको उर्मिला कार्कीले प्रतिवेदन प्रस्तुत गरेकी थिइन्। टुका आचार्यले वार्षिक र शान्ति ढकालले ऋण प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा ज्येष्ठ सदस्य तारादेवी उपाध्यायलाई सम्मान गरिएको थियो। कार्यक्रममा स्वागत पार्वती रेग्मी र सहजीकरण हीरा अर्यालले गरेका थिए।

## गाँजाखेती नष्ट

प्रस, पर्सागढी, १० कात्तिक/



इलाका प्रहरी कार्यालय पटेर्वासुगौली, प्रहरी चौकी बिरुवागुठी र प्रहरी चौकी मनवाका प्रहरी सम्मिलित संयुक्त टोलीले शनिवार पर्सागढी नगरपालिकामा लगाइएको करीब दुई बिघा गाँजाखेती नष्ट गरेको छ।

प्रहरी टोलीले पर्सागढी नपा–१ गुलरिया, वडा नं ३ झबराहामा लगाइएको करीब दुई बिघा गाँजाखेती नष्ट गरेको इप्रका पटेर्वासुगौलीले जनाएको छ।